म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१४ अङ्क:- १३० २०७९ चैत २० गते सोमबार 3 April 2023, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

## भीमफेदी-५ को प्रशासनिक भवन शिल्यान्यास

हेटौंडाः भीमफेदी गाउँपालिका वडा नम्बर ५ को प्रशासनिक भवन शिल्यान्यास भएको छ। छबेलीमा भीमफेदी–५ निवासी पूर्णबहादुर बलले प्रदान गर्नुभएको ९ आना जग्गामा वडा कार्यालयको भवन निर्माण सुरु गरिएको हो।

चलनचल्तीको मूल्यमा २७ लाख रुपैयाँ पर्ने जग्गा बल परिवारले ६ महिनाअगावै पालिकाको नाममा दान गरेको भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामाले बताउनुभयो। आइतबार भवनको शिल्यान्यास पालिका अध्यक्ष लामाले गर्नुभएको हो। भवन १ वर्षभित्र निर्माण सम्पन्न हुने लक्ष राखिएका अध्यक्ष लामाले बताउनुभयो। १ करोड ९९ लाखको लागतमा साढे दुई तले भवन निर्माण हुने अध्यक्ष लामाले जानकारी दिनुभयो। गाउँपालिकाको आन्तरिक स्रोतबाट भवन निर्माण गर्न लागिएको उहाँको भनाई छ। अहिले वडा कार्यालयले भाडाको घरबाट सेवा प्रदान गर्दै आएको छ।

### भर्ना अभियान सुरु

# घरदैलोमा शिक्षक, अभिभावक



*घरदैलो अभियानमा अभिभावकसँग अन्तरक्रिया गर्नुहुँदै शिक्षकहरु ।*

समाज संवाददाता

हेटौंडाः विद्यालयमा कक्षा ९ सम्मको वार्षिक परीक्षा सकिएको छ । एसईई जारी छ। ९ कक्षासम्मको नतीजा पालिका तहमै र विद्यालय तहमै तयार पारी सार्वजनिक गरिन्छ । नतीजा सार्वजनिक हुन अझै एक साता भन्दा बढी समय लाग्नेछ। यसबीचमा विद्यालयका शिक्षक, कर्मचारी, व्यवस्थापन समितिका पदाधिकारी भने भर्ना अभियान लिएर घरदैलो सुरु गर्न थालेका छन् ।

हेटौंडा-४, कर्रास्थित श्रमिक माविले नयाँ विद्यार्थी भर्नाका लागि आइतबारबाट घरदैलो सुरु गरेको छ। आइतबार पहिलो दिन दुईवटा समूह बनाई विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक, कर्मचारी, पूर्वविद्यार्थी घरदैलो पुगेका छन् । पहिलो दिन विद्यालयको प्रभाव क्षेत्रको रुपमा रहेको हेटौंडा-४, कर्रा, गर्दोई, हेटौंडा-८, मैदाटोल, हेटौंडा-९, कर्रातर्फ घरदैलो गरिएको प्रधानाध्यापक श्रीराम दाहालले जानकारी दिनुभयो । पछिल्लो समय विद्यालयको शैक्षिक क्रियाकलापमा गरिएको सुधार, अंग्रेजी माध्यममा पठनपाठन सुरु गरिएको र पूर्वप्राथमिक कक्षालाई बालमैत्री बनाइएको विषय समुदायमा जानकारी गराइएको प्रधानाध्यापक दाहालले बताउनुभयो ।

निजी विद्यालयको भन्दा स्तरीय शिक्षा दिएर निजी विद्यालयको महंगो शूल्कको मारमा परेका अभिभावकलाई राहत दिने प्रयास भइरहेको र अभिभावकलाई विश्वस्त हुन विद्यालयनै आएर अवलोकन गर्न निम्ता गरिएको पनि प्रधानाध्यापक दाहालको भनाइ छ । यसपटक श्रमिक माविले पूर्वप्राथमिक तहका कक्षाकोठा र पठनपाठनलाई प्रभावकारी बनाएको, पूर्वप्राथमिक तहदेखि कक्षा १, २, ६, ७ र ९ मा अंग्रेजी माध्यममा पठनपाठनको व्यवस्था गरिएकोले पनि अभिभावकको आकर्षण बढ्ने प्रधानाध्यापक दाहालको दावी छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विवेक कार्की समुदायको विश्वास जितेरै बालबालिकालाई विद्यालयमा स्वागत गर्ने तयारी भएको बताउनुहुन्छ। घरदैलो पुगेर अभिभावकलाई विश्वास दिलाउने प्रयास गरिएको र विद्यालय परिसर आएर अभिभावकले हेर्दा आफ्ना बाबुनानीलाई विद्यालय पठाउन ढुक्क हुने वातावरण तयार पारिएको अध्यक्ष कार्कीको दावी छ। अघिल्लो शैक्षिक सत्रमा २ सय ५० विद्यार्थी रहेको श्रमिक माविमा चालु शैक्षिक सत्रको सुरुवातमा ४ सय २५ विद्यार्थी संख्या पुऱ्याएको थियो। आगामी शैक्षिक सत्रमा ६ सयको हाराहारीमा विद्यार्थी भर्ना गर्ने लक्ष्य रहेको अध्यक्ष कार्कीले बताउनुभयो । विद्यालयले आज सोमबार पनि घरदैलो कार्यक्रम गर्दैछ ।

घरदैलो गर्ने क्रममा अभिभावकसँग पर्याप्त छलफल गरिएको र अभिभावकलाई विश्वस्त तुल्याउने प्रयास भएको विद्यालय सहायक प्रधानाध्यापक गोपिरमण प्याकुरेलले बताउनुभएको छ । अभिभावकलाई विद्यार्थी भर्ना गर्नुअघि विद्यालयको वातावरण हेर्न, बुझ्न आग्रह गरिएको बताउनुहुँदै सहायक प्रधानाध्यापक प्याकुरेलले भन्नुभयो, "यसपटक अभिभावकको विश्वास जितेर विद्यार्थीको संख्या बढाउने र गुणस्तरीय शिक्षालाई सुनिश्चित गराउने विद्यालयको तयारी छ ।" घरदैलो गर्नुअघि व्यवस्थापन समिति, शिक्षक अभिभाक संघ, शिक्षक, अभिभावक, पूर्वविद्यार्थीबीच अन्तरक्रिया गरी सबै मिलेर विद्यालयको शैक्षिक र भौतिक वातावरण सुधार गर्ने आधार तयार पारिएको प्याकुरेलको भनाइ छ ।

### एसईईको दोस्रो दिन

# गणित विषयमा ६,१३५ परीक्षार्थी सहभागी





*हेटौंडा-५, पिप्लेस्थित परीक्षा केन्द्रमा एईईमा सहभागी हुँदै किरियापुत्री । सहयोगी राखेर परीक्षा दिँदै दृष्टिविहिन विद्यार्थी ।*

समाज संवाददाता

हेटौंडाः माध्यमिक शिक्षा परीक्षा (एसईई) को दोस्रो दिन आइतबार अनिवार्य गणित विषयको परीक्षा भएको छ। गणित विषयको परीक्षामा ६ हजार१ सय ३५ जना विद्यार्थी सहभागी भएका छन् ।

३ हजार ३ सय ५ जना छात्रा र २ हजार ८ सय ८० जना छात्र परीक्षामा सहभागी भएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्राविधिक प्रेमचन्द्र चौधरीले जानकारी दिनुभएको छ। प्राविधिक सहायक चौधरीका अनुसार परीक्षा फारम भरेका १ सय ८ जना परीक्षार्थी अनुपस्थित भएका छन् । ३९ जना छात्रा र ६९ जना छात्रा अनुपस्थित भएको चौधरीले जानकारी दिनुभयो ।

एसईईको पहिलो दिन शुक्रबार अनिवार्य अंग्रेजी विषयको परीक्षामा ६ हजार एक सय ५३ जनाले परीक्षा दिएका थिए। अनिवार्य अंग्रेजी विषयको परीक्षामा एक सय ३० जना परीक्षार्थी अनुपस्थित भएका थिए । आज सोमबार अनिवार्य नेपाली र गैरनेपाली विद्यार्थीका लागि अंग्रेजी विषयको परीक्षा बिहान ८ बजेदेखि सुरु हुँदैछ। एसईई यही चैत २९ गतेसम्म संचालन हुनेछ । हेटौंडा-५, पिप्लेस्थित बालज्योति माविमा २ जना दृष्टिविहिन विद्यार्थीले सहयोगी राखेर एसईई दिइरहेका छन् भने एकजना किरियापुत्रीले पनि परीक्षा दिइरहेका छन् ।




## गाँजा सहित २ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः लागुऔषध गाँजासहित २ जनालाई मकवानपुर प्रहरीले पक्राउ गरको छ। पक्राउ पर्नेमा हेटौंडा-८, कमाने ओम नगरका ट्रकचालक ३४ वर्षीय सुजन श्रेष्ठ र ट्रकमा सवार ३१ वर्षीय सन्तोष श्रेष्ठ रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

शनिबार हेटौंडा-१५, रातोमाटे चेकपोष्टमा हेटौंडा बजारबाट रातोमाटेतर्फ जाँदै गरेको ना ७ ख ६८३९ नम्बरको क्लिङ्कर लोड ट्रकलाई सुरक्षाजाँच गर्दा गाँजा फेला पारेको हो । सुरक्षाजाँचको क्रममा ट्रकको क्याबिनमा रहेको कालो झोला भित्र प्लाष्टिकमा लुकाई छिपाई ल्याएको अवस्थामा लागुऔषध गाँजा २ किलो ९०० ग्राम फेला परेको प्रहरीले जनाएको छ । लागुऔषध गाँजा, गाँजा ढुवानी गरेको ट्रकसहित सुजन र सन्तोषलाई पक्राउ गरी अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि

## हेटौंडामा तरकारीको मूल्य स्थीर

समाज संवाददाता

हेटौंडाः हेटौंडाको थोक तरकारी बजारमा केही दिनयता तरकारीको मूल्य एकनास (स्थीर) रहेको छ। थोक तरकारी बजारका व्यवसायी मुन्ना केशरीले तरकारीको मूल्यमा खासै परिवर्तन नआएको बताउनुभयो ।

थोक बजारमा आइतबार बोडी प्रतिकेजी ७० रुपैयाँ, करेला प्रतिकेजी ८० रुपैयाँमा कारोबार भएको छ भने भिन्डी प्रतिकेजी १०० रुपैयाँमा विक्री भएको छ । काउली प्रतिकेजी ४० रुपैयाँमा कारोबार भएको छ। काँक्रो प्रतिकेजी १५ रुपैयाँ, गोलभेँडा प्रतिकेजी ३५ रुपैयाँ, आलु प्रतिकेजी १८ रुपैयाँ, प्याज प्रतिकेजी ३२ रुपैयाँ र बन्दा प्रतिकेजी १० रुपैयाँमा कारोबार भएको छ। यस्तै घिरौँला प्रतिकेजी ८० रुपैयाँ, घिउ सिमी प्रतिकेजी ५० रुपैयाँ, मटरकोशा प्रतिकेजी ७० रुपैयाँ र लौका प्रतिकेजी ४० रुपैयाँमा विक्री भएको छ ।

फर्सी प्रतिकेजी ३५ रुपैयाँ, गाजर प्रतिकेजी २५ रुपैयाँ, मुला प्रतिकेजी ३० रुपैयाँ, हरियो खुर्सानी प्रतिकेजी ८० रुपैयाँ, सजीवन प्रतिकेजी १०० रुपैयाँ र रुख कटहर प्रतिकेजी ८० रुपैयाँमा कारोबार भएको व्यवसायी केशरीले जानकारी दिनुभयो। यस्तै फलफूलमा फुजी स्याउ प्रतिकेजी २६० रुपैयाँ, अंगुर प्रतिकेजी १०० रुपैयाँ, कालो अंगुर प्रतिकेजी १७५ रुपैयाँ, भुईकटर प्रतिगोटा १५० रुपैयाँ र खरबुजा प्रतिकेजी ४५ रुपैयाँ रहेको फलफुल व्यवसायी सन्तोस श्रेष्ठले जानकारी दिनुभएको छ ।

## आधारभूत तहको वार्षिक परीक्षा सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा आधारभूत तहको वार्षिक परीक्षा सम्पन्न भएको छ । गत चैत्र ९ गतेदेखि विद्यालय तहको आधारभूत तह (कक्षा–८)को वार्षिक परीक्षा सुरु भएको थियो ।

आइतबार स्थानीय विषय/कम्प्युटरको विषयको परीक्षा दिएपछि आधारभूत तहको वार्षिक परीक्षा सम्पन्न भएको हो। हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखा प्रमुख गंगाधर रिमालका अुनसार उपमहानगरले चैत्र २६ गतेभित्र परीक्षाको नतिजा प्रकाशित गरिनेछ । उपमहानगरभित्रका ८१ वटा विद्यालयबाट ४ हजार २ सय जना विद्यार्थी सहभागी भएको जनाइएको छ ।

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



# सम्पादकीय

## सहकारीलाई संकटबाट जोगाऔं

आज सोमबार ६६ औं राष्ट्रिय सहकारी दिवस देशव्यापीरुपमा मनाइँदैछ । नेपालमा सहकारी अभियान सुरु भएको सम्झनामा हरेक वर्ष यो दिवस मनाउने गरिन्छ । "सहकारीको दिगोपन: स्वनियमन र सुशासन" भन्ने मुल नाराका साथ ६६ औं सहकारी दिवस मनाइँदैछ । विसं २०१३ साल चैत्र २० गते चितवनको शारदानगरमा बखानपुर ऋण सहकारी समिति स्थापना भएको दिनलाई स्मरण गर्दै सहकारी दिवस मनाउने गरिएको हो । सहकारीका समसामयिक मुद्दाहरुलाई समेत उजागर गरी ६६ औं सहकारी दिवस भव्यरुपमा मनाउन राष्ट्रिय सहकारी महासंघले आग्रह गरेको छ । देशैभरी साताव्यापी विविध कार्यक्रम गरी सहकारी दिवस मनाउन लागिएको महासंघले जनाएको छ । हेटौंडामा पनि सहकारी दिवसको अवसरमा शनिबार रक्तदान कार्यक्रम आयोजना गरिएको थियो भने आज सोमबार विहान र्‍यालीसहित अन्य कार्यक्रम हुनेछ ।

नेपालमा सहकारीको सुरुवात भएको ७ दशक पुग्न लागेको छ । पञ्चायती शासनकालसम्म सहकारीको विकास निकै मन्द गतिमा भयो । २०४६ सालको राजनीतिक परिवर्तनपश्चात् सहकारीको विकास पनि निकै तीब्र गतिमा भएको छ । सरकारले २०४८ सालमा सहकारी ऐन र २०४९ सालमा सहकारी नियमावली ल्याएपछि सहकारी स्थापनाको क्रमले निकै तीब्रता पायो । सरकारले २०४८ साल भदौमा राष्ट्रिय सहकारी विकास बोर्ड गठन गर्‍यो । पछिल्लो समय सरकारले निजी, सरकारी र सहकारी तीन पक्षलाई आर्थिक विकासको मेरुदण्ड मानेर तीनखम्बे आर्थिक नीतिलाई महत्व दिएपछि सहकारीको महत्व झनै बढेको छ । अहिले देशभर २५ हजारको हाराहारीमा विभिन्न प्रकारका र उद्देश्यका सहकारी संस्था स्थापना भएका छन् । सहकारी संस्थाहरुमा धेरै सर्वसाधारण नेपाली आवद्ध छन् भने अरबौं रुपियाँ सर्वसाधारणको शेयर पुँजी लगाइएको छ । सहकारीमा सर्वसाधारणको खरबौं रुपैयाँ निक्षेपसमेत रहेको छ ।

विश्वव्यापी आर्थिक मन्दीको प्रभावले विगत लामो समयदेखि नेपालमा पनि उद्योग व्यवसायहरुको कारोबारमा संकुचन आएको छ । बैंक, वित्तीय संस्था तथा सहकारी क्षेत्रमा तरलताको अभाव, चर्को मूल्यवृद्धिलगायतका कारणले व्यवसायी तथा आम सर्वसाधारण पीडित बनिरहेका छन् । यसबाट सहकारी संस्थाप्रतिको विश्वासमा समेत कमी हुँदै गएको छ । सहकारीबाट आम नेपालीले धेरै फाइदा लिइरहेको भए पनि कतिपय सहकारीका सञ्चालक तथा कर्मचारीले बद्मासी गरिदिएको कारण सर्वसाधारणको लगानी डुबेको छ भने कतिपयको लगानी संकटमा परेको छ । 'सबैका लागि एक, एकका लागि सबै' भन्ने अवधारणाबाट विकास भएको सहकारी पछिल्लो समय न्यून आय भएकाका लागि निकै सहयोगी बन्दै गइरहेको छ । विशेषत: ग्रामीण क्षेत्रको गरिबी न्यूनीकरणमा सहकारीले योगदान दिँदै आएको छ । समुदायका स-साना बचतहरुलाई स्थानीय तहमा नै जम्मा गरी आवश्यक परेका बखत सरल प्रक्रियाबाट ऋण दिने कार्यले न्यून आयस्तर भएका व्यक्ति र समुदाय प्रत्यक्ष लाभान्वित भई जीवनस्तर सुधारमा महत्वपूर्ण भूमिका निर्वाह भएको छ ।

वर्तमान आर्थिक मन्दीको असर तथा कतिपय सहकारीको कार्यशैली पारदर्शी र प्रभावकारी नहुँदा सहकारीका सदस्यहरु पीडित बन्नु परिरहेको छ । सहकारीको संख्यात्मक वृद्धिसँगै विभिन्न विकृतिहरु पनि बढ्दै गएका छन् । सहकारीमा सदस्यको शेयर लगानी र बचतको सुरक्षाका लागि सहकारीका सञ्चालकहरु थप जिम्मेवार र प्रतिबद्ध बन्नु आवश्यक छ । केही बचत तथा ऋण सहकारीहरुले आम सर्वसाधारणलाई सदस्य बनाएर उनीहरुको बचत जम्मा गरी सञ्चालकहरुले जथाभावी आफू अनुकूल प्रयोग गर्दा समस्या आइरहेका छन् । आजको सहकारी दिवसले वर्तमान संकटको समयमा विचलित नभई सदस्यको हक, हितका लागि सहकारीको व्यवस्थापन जिम्मेवार र प्रतिबद्ध रहेको सन्देश प्रवाहित गर्न सक्नुपर्छ । वर्तमान संकटबाट सहकारीलाई जोगाउन सरकारी नियमनकारी निकायले सहकारीहरुको नियमनसँगै सहुलियत र प्रोत्साहनका कार्यक्रम ल्याउनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : समस्या र चुनौति चिर्दै अगाडि बढिने छ । |
| वृष | : सामाजिक काममा पूर्णता र दक्षता प्राप्त होला । |
| मिथुन | : साझेदारी कामबाट लाभ प्राप्त हुनेछ । |
| कर्कट | : रोकिएका कामहरु बन्ने समय योग छ । |
| सिंह | : सन्तानको पढाईप्रति चिन्ता बढ्ने समय छ । |
| कन्या | : कामधाममा विभिन्न चुनौतिहरु आइपर्लान् । |
| तुला | : भातृ-बन्धुजनको सहयोग प्राप्त होला । |
| वृश्चिक | : आर्थिक पक्ष सवल र नयाँ काम प्राप्ति हुनेछ । |
| धनु | : परिबन्ध र बाध्यताका काममा रुमलिएला । |
| मकर | : ज्ञान-गुणका क्षेत्रमा खट्दा प्रतिष्ठामा वृद्धि होला । |
| कुम्भ | : द्विविधामा ठूला-वडाको सहयोग लिँदा राम्रो । |
| मीन | : अध्ययन-अध्यापन मध्यम कारक रहला । |

# प्रचण्ड सरकारको मधुमास : न धरतीमा पाइला न आँखामा आकाश






✍ **टिका ढकाल**

मधुमास भनिने १०० दिन प्रचण्ड सरकारका लागि कहाँबाट गणना गर्ने ? पुस १० गतेबाट कि फागुन ११ गतेबाट ? 'बालकोटका बार्दली बा' ले समर्थन दिएर प्रधानमन्त्री बनाइदिएका दिनबाट कि कांग्रेसले प्रचण्डलाई एमालेको पोल्टाबाट खोसेर आफ्नो खोकिलामा लुकाएको दिनबाट ?

खासमा यो एउटै सरकार हो कि दुइटा ? राजनीतिक, नैतिक र नीतिगत आधारमा प्रचण्डलाई कसको सरकार भन्ने ? कसको नीतिमा आधारित भएर मधुमास अवधिको मूल्यांकन गर्ने ? फागुन ११ अघिको कि पछिको ? एमाले र राप्रपाले सरकार छोडे अघिको कि पछिको ? संभवत: यस्तो अप्ठ्यारो यसअघि नेपालको राजनीतिक इतिहासमा बनेको थिएन । सरकार गठन भएको १०० दिन नपुग्दै गठबन्धन परिवर्तन भएको थिएन ।

यो अप्ठ्यारोलाई हल गर्न विश्वको संसदीय लोकतन्त्रका आफ्नै प्रचलन छन् । कुनै एउटा गठबन्धन भत्किएर अर्को बनाउन परे प्रधानमन्त्रीले राजीनामा दिई फेरि अर्को गठबन्धनबाट सरकार दाबी गर्ने गरिन्छ । त्यसो गर्दा ती फरक-फरक सरकार मानिन्छन् । फरक-फरक कार्यकालको गणना हुन्छ । फरक-फरक नीतिगत आधारमा मूल्यांकन हुन्छ ।

हाम्रो 'संसारकै उत्कृष्ट संविधान' का कतिपय प्रावधान यस्ता छन्, जसका कारण यो संविधानले अवलम्बन गरेको प्रणाली नै कुन हो भन्ने अन्योल सृजना गर्दछ । त्यसो त कुनै मूल्य प्रणालीमा विश्वास नगर्नेहरूका लागि जुनसुकै प्रणाली अपनाए पनि हुने केही हैन । तिनले त्यस्ता छिद्र मात्र खोज्ने हुन्, जहाँबाट छिर्दा उनीहरूको स्वार्थ पूरा गर्न सहज हुन्छ ।

पुस २६ गते नेपाली कांग्रेसले प्रचण्ड सरकारलाई दिएको विश्वासको मत र अहिले त्यही सरकारको निरन्तरता त्यस्तै छिद्र थियो, जहाँबाट प्रचण्ड सरकारको निरन्तरता छिर्‍यो । यो अन्योलका बावजुद प्रचण्ड सरकारको मधुमास पुस १० गतेबाटै गणना गर्ने हो भने यसले भोलि (सोमबार) १०० दिन त पूरा गर्छ नै ।

अर्को रोचक पक्ष गठबन्धन परिवर्तनपछि नयाँ गठबन्धनले कुनै नयाँ नीति तथा कार्यक्रम ल्याएको छैन । के यो सरकार पुरानै नीति तथा कार्यक्रममा चलिरहेको छ, यदि त्यसो हो भने सरकार एमाले-राप्रपा नीति कै निरन्तरतामा छ ? यो प्रश्न उठाउन सकिन्छ ।

चुनावअघिको पाँचदलीय गठबन्धन एक प्राकृतिक गठबन्धन थियो भन्ने मान्न सकिन्छ । किनकि त्यसले २०७७ पुस ५ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको प्रतिनिधिसभा विघटन गर्ने निर्णयप्रति विमति जनाउँदै गठबन्धनको राजनीतिक आधार टेकेको थियो । उनीहरू निर्वाचनपूर्वको गठबन्धन गरेर चुनाव लडे । उनीहरूसँग सरकार बनाउन पुग्ने बहुमत पनि थियो । तर, अहिलेको गठबन्धनको चरित्र हेर्दा यो त्यस आधारमा पनि टिकेको छैन ।

एमाले, राप्रपा र नेमकिपा बाहेक सबै दल सरकारमा सामेल छन् वा सरकारलाई विश्वासको मत दिएका छन् । 'हरेक पार्टीका लागि कम्तीमा एक मन्त्री' को विचित्र सिद्धान्त आविष्कार भएको छ । यहाँसम्म कि नेकपा (माओवादी केन्द्र) कै चुनाव चिह्न 'गोलाकारभित्रको हँसिया-हथौडा' बाट चुनाव लडेको डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीले समेत आफूलाई 'भिन्नै पार्टी' दाबी गर्दै एक थान मन्त्री पाएको छ । एकथान मन्त्रीको दौड नयाँ गठबन्धनको साझा चरित्र बनेको छ ।

यतिका ठूला दु:ख र कष्टले 'आर्जेको' यो सरकारको राजनीतिक लक्ष्य, उद्देश्य, योजना, नीति तथा कार्यक्रम चाहिं के हो ? किन यतिका धेरै दल सरकारमा सामेल भएका ? के प्रयोजनका लागि ? 'मन्त्री खान' भन्ने बाहेक कुनै उत्तर फेला पर्दैन ।

प्रष्ट राजनीतिक आधार कुनै पनि सरकारको धरती हो । पाइला टेक्ने जमिन हो । जमिनमा राम्रोसँग नटेकिएका खुट्टाहरू 'ढोडका तोक्मा' जस्तै हुन्, ती कतिखेर भाँचिन्छन्, कुनै पत्तो हुँदैन । पुस २६ गते प्रचण्ड सरकारले विश्वासको मत लिंदा २७२ को समर्थन पाएको थियो । अद्वितीय र अभूतपूर्व समर्थन भनिएको थियो । तर, दोस्रोपटक विश्वासको मत लिने बेलामा १७२ मा झरिसकेछ । त्यसो हुनुको कारण त्यसको कुनै बलियो राजनीतिक आधार थिएन ।

अहिलेको तथाकथित ११ दलीय गठबन्धनको पनि कुनै बलियो राजनीतिक आधार छैन । भनेजस्तो 'मालदार मन्त्रालय' नपाएको झोंकमा डा. सीके राउतको जनमत पार्टीले जस्तो कसले कतिखेर राजीनामा दिने हुन् वा समर्थन नै फिर्ता लिने हुन्, त्यसको समेत टुंगो छैन । खैर ! यो राजनीतिक आधार र नैतिक प्रश्नको कुरा एकक्षणलाई छोडौं- सरकारका १०० दिनका उपलब्धितिरै लागौं ।

एउटा उपलब्धि यो गन्न सकिएला कि सरकार गठनपछि राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव भयो । यो त निर्वाचन आयोगको सामान्य संवैधानिक दायित्व हो । प्रचण्डको ठाउँमा अर्को कुनै सरकार हुँदा यी पद सधैंका लागि खाली बस्दैनथे होला ।

खासमा यतिखेर कुनै पनि सरकारका पाँच वटा दायित्व वा कार्यभार हुन्थे, थिए ।

पहिलो- स्वयं सरकारले आफूले आफैंलाई कुनै निश्चित राजनीतिक तथा नैतिक आधारमा उभ्याउनु । राजनीति फोहोरी, अवसरवादी र अविश्वसनीय भयो भन्ने आम गुनासो र निराशालाई चिर्नु । कमजोर र शिथिल हुँदै गएको राष्ट्रिय आत्मविश्वासलाई पुनर्जागृत गर्नु । दल र नेताहरू सत्ताभोक, पद, प्रतिष्ठा र सुख-सुविधाका लागि मरिहत्ते मात्र गरिरहेका छैनन्, देश र जनताका लागि समेत केही गर्न गम्भीर र संवेदनशील छन् भन्ने सन्देश दिनु । मूर्झाएको राष्ट्र र क्षयीकृत भएको लोकतन्त्रलाई पुनर्जीवन दिन सकिन्छ भन्ने ढाडस दिनु ।

दोस्रो- नयाँ संविधान २०७२ जारी भएदेखिका सञ्चित असन्तुष्टि र गुनासोहरूको सम्बोधन गर्ने प्रयत्न गर्नु । संवैधानिक बेथिति र अन्योलहरू चिर्न बृहत् राष्ट्रिय सहमतिका आधारमा संवैधानिक, कानुनी तथा संरचनात्मक सुधार गर्ने प्रयास गर्नु । विशेषत: संघीयताको विकृत र कमजोर प्रारूपबाट सृजित असन्तुष्टिलाई चिर्ने प्रयत्न गर्नु र संघीय लोकतान्त्रिक गणतन्त्रको औचित्यप्रति जनतामा सकारात्मक भावना विकास गर्नु ।

तेस्रो- भ्रष्टाचार, कुशासन र प्रभावकारी सेवा प्रदायनमा भएका समस्यालाई अन्त्य गर्दै सुशासनको प्रत्याभूति गर्नु । कर्मचारीतन्त्र, प्रक्रियागत झमेला र दण्डाधिकारी निकायहरूको पुनर्गठन गर्ने साहस गर्नु ।

चौथो- भूराजनीतिक जटिलताबीच प्रष्ट विदेश नीति र सोही अनुरूपको आक्रामक तथा स्वपहलकदमीमा आधारित कूटनीति अवलम्बन गर्नु । वैश्विक चुनौती र ध्रुवीकरण माझ राष्ट्रले अवलम्बन गर्नुपर्ने बाटो वा कार्यदिशालाई प्रष्ट गर्नु ।

पाँचौं- झन् पछि झन् जटिल हुँदै गएको अर्थतन्त्रको समस्या हल गर्न सार्थक पहलकदमी लिनु तथा आर्थिक, वित्तीय र मौद्रिक सुधारको प्रष्ट मार्गदर्शन तयार गरी लागू गर्नु ।

यी पाँचवटै मापदण्डबाट हेर्दा प्रचण्ड सरकारको मधुमासभित्र कुनै स्वप्नको आकाश देखिंदैन । एक सफल राज्य प्रणाली, दूरदर्शी शासकले जमिनमा टेक्छ, आकाशमा हेर्छ । प्रचण्ड सरकारको टेक्ने जमिन नै कमजोर भएजस्तै आँखामा सजाएको सपनाको आकाश पनि निकै साँघुरो छ । साँघुरो मात्रै हैन, त्यो उत्तिकै धमिलो वा बादलले ढाकिएको देखिन्छ ।

प्रचण्ड सरकारका १०० दिनमा राजनीतिक अवसरवाद र अस्थिरता झनै बढेको अनुभूति भइरहेको छ । प्रधानमन्त्री प्रचण्ड स्वयं त्यसको ज्वलन्त प्रतीक बनेका छन् । एक सीट भएको सानो नेमकिपालाई अपवाद मान्ने हो भने संसदमा कुनै त्यस्तो दल बाँकी देखिएको छैन, जसले आफ्नो घोषित नीति, सिद्धान्त र कार्यक्रमप्रति छोटो समयमै धोकाबाजी नगरेको होस् । चुनावमा गरिएका वाचा, लगाइएका नारा र भनिएका कुराको विपरीत गएर सत्ताको साझेदारी तथा मोलतोल नगरेको होस् । अस्थिरता र अवसरवादको खेलमा नयाँ भनिएका नागरिक उन्मुक्ति, जनमत र राष्ट्रिय स्वतन्त्र पार्टी समेत उत्तिकै सामेल हुँदैछन् ।

प्रचण्ड सरकारको १०० दिनमा राजनीतिप्रतिको जनवितृष्णा र अविश्वास झनै बढेको छ । कुनै समय थियो देशमा आदर्श, नैतिकता र मूल्यमान्यताको राजनीति पनि हुन्थ्यो । बीपी कोइराला, पुष्पलाल, गणेशमान सिंह, मनमोहन अधिकारी, किसुनजी जस्ता मानक नेताहरू पनि यही देशमा थिए । आज मानिसले त्यस्तो कुनै मानक व्यक्तित्व कसैमा देखिरहेका छैनन् ।

केपी शर्मा ओली र शेरबहादुर देउवामा त्यस्तो आदर्श व्यक्तित्वको खोजी हुन छोडेको दशकौं भयो । कुनै बेला थियो प्रचण्ड-बाबुराम-किरणले त्यो खाली ठाउँ पूरा गर्छन् कि भनेर देशको एउटा हिस्साले आशा गर्थ्यो । आज त्यस्तो आशा न कसैप्रति छ न विश्वास नै बाँकी छ ।

संवैधानिक, कानुनी तथा संरचनात्मक सुधारका कामप्रति कसैको रुचि, तत्परता र इच्छाशक्ति देखिंदैन । 'सुशासन' शब्द सबैले जपिरहेका छन् तर, अहिले सुशासनका लागि व्याप्त व्यवधान केके हुन् र तिनको समाधान कसरी हुन सक्दछ भन्ने आँट कसैसँग छैन ।

सबैभन्दा डरलाग्दो कुरा आर्थिक संकट बन्दै गएको छ । प्रचण्ड सरकार बनेयता चालु खर्च समेत राजस्वले नधानेर कर्मचारीलाई बेलामा तलब खुवाउन नसक्ने अवस्थामा सरकार पुगेको छ । पूँजीगत खर्चको कुरै गर्न परेन । विगत ५५ वर्षयता पहिलोपटक राजस्व वृद्धिदर सबैभन्दा कम भएको छ ।

आर्थिक संकटको यो स्तरको चर्को अनुभूति नेपालको इतिहासमै सायदै कहिल्यै भएको थियो । मानिसहरू बैंक, वित्तीय संस्था, सहकारी र मिटर ब्याजीहरूबाट आक्रान्त भएका छन् । शेयर बजारमा कुनै उल्लेखनीय सुधार आएको छैन । लगानीभन्दा आधामा शेयर मूल्य घटेपछि शेयरमा लगानी गर्नेहरू पुर्पुरो छामेर बसेका छन् । बैंक ब्याज, ऋण र किस्ता तिर्दैनौं भनेर व्यवसायी वा ऋणले यसअघि कहिल्यै आन्दोलन गरेको यो देशको इतिहासमा कसैलाई थाहा थिएन ।

बैंक तथा वित्तीय संस्थाहरूको खराब कर्जाको मात्रा ह्वात्तै आकाशिएको छ । साना तथा मझौला व्यवसायीहरू व्यापार व्यवसायबाट ठूलो मात्रामा पलायन हुँदैछन् । प्रचण्ड सरकार बन्नुअघि दैनिक करिब १५०० मानिस विदेशिन्थे भने त्यसमा ६०० को वृद्धि भई प्रतिदिन विमानस्थलबाट करिब २१०० मानिस विदेशिंदैछन् । श्रम कार्यालयबाट प्रति महिना करिब ६० हजारले श्रम अनुमति लिन थालेका छन् ।

यिनै विदेशिएकाहरूको विप्रेषणको कारणले वैदेशिक मुद्राको सञ्चिति र शोधनान्तर स्थिति ठिकै छ भन्दै सरकार बसेको छ । आयात धान्नका लागि यो कुरा ठीकै होला । अर्थतन्त्रको बाह्य सम्बन्ध देखाउन यो कुरा ठीकै होला । तर, अर्थतन्त्रको आन्तरिक चक्र संकटमा फसेको बेला वैदेशिक मुद्राको सञ्चिति र आयातले मात्र अर्थतन्त्र जोगिन सक्दैन ।

सार्वजनिक ऋणको बोझको दोष भने प्रचण्ड सरकारलाई लगाउन मिल्दैन । खासमा अस्वाभाविक ऋण वृद्धिको काम ओली सरकारको पालामा भएको थियो । करिब ७ खर्ब रहेको ऋण ओलीले आफ्नो कार्यकालमा दोब्बरभन्दा बढी करिब १९ खर्ब पुर्‍याइदिएका थिए । यसैले राष्ट्रिय बजेटमा सावाँ-ब्याज भुक्तानीको जुन दबाव परेको छ, त्यसलाई सामना गर्ने कुनै रणनीति प्रचण्ड सरकारसँग देखिएको छैन ।

यसबीच भूराजनीतिक संकट र कूटनीतिक असन्तुलन झनै बढेको प्रष्ट छ । १०० दिन नपुग्दै गठबन्धन 'सिफ्ट' गर्ने प्रधानमन्त्री प्रचण्डको निर्णय आफैंमा भूराजनीतिक दबाबको एउटा प्रमाण हो । राष्ट्रपति चुनावअघि भएका भारतीय तथा अमेरिकी उच्च अधिकारीहरूका भ्रमणले त्यसको पुष्टि गर्दछ ।

भारतले प्रधानमन्त्री प्रचण्डका लागि भ्रमणको निम्तो अहिलेसम्म पठाएको छैन । भारतभन्दा अघि चीन भ्रमण गरे राम्रो नहुने भयका कारणले प्रचण्डले बोआओ मञ्चको सम्मेलन छोडेका छन् । जबकि सन् २०१६ र २०१७ को सम्मेलनमा उनी त्यसको सहभागी थिए र निरन्तर सहकार्यको प्रतिबद्धता गरेका थिए ।

प्रधानमन्त्री प्रचण्ड र उनका केही निकटस्थ मन्त्रीहरू 'निर्देशनमाथि निर्देशन' को 'स्टन्ट' गरिरहेका छन्, जबकि आधुनिक व्यवस्थापन सिद्धान्त र प्रशासनिक कौशलका दृष्टिकोणले यो स्तरको 'निर्देशनमाथि निर्देशन' आफैंमा एक झुर प्रचलन हो । निर्देशनले मात्र कार्य वातावरण बन्दैन र कार्यसम्पादन अभिवृद्धि हुँदैन भन्ने तिनले नबुझेजस्तो छ । बजेट, प्रविधि, जनशक्ति ...बाँकी पृष्ठ ३ मा

# केही बिचौलियाले गर्दा सहकारीलाई नकारात्मक प्रभाव परेको छ

आज चैत २० गते सोमबार राष्ट्रिय सहकारी दिवस मनाइँदै छ । सहकारी सहकार्यको अभ्यास हो । सहकारीमार्फत नेपाली समाजमा बहुपक्षीय लाभको अवसरका साथै कतिपय चुनौती पनि देखिएका छन् । राष्ट्रिय सहकारी दिवसको अवसरमा हेटौंडा-७, नागस्वतीस्थित हेटौंडा बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष ईन्द्र बहादुर बस्नेतसँग समृद्ध समाज दैनिकका संवाददाता बसन्त भण्डारीले गर्नुभएको कुराकानीः



**ईन्द्रबहादुर बस्नेत, अध्यक्ष**
**हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि.**

**समाजः तपाई आबद्ध हुनुभएको सहकारीले के-के काम गरेको छ ?**
**बस्नेत**ः म आबद्ध रहेको सहकारी हेटौंडा बचत तथा ऋण सहकारी संस्था हो । यसले सहकारीको ७ सिद्धान्तमा रहेर समुदायलाई दिनुपर्ने, पुऱ्याउनु पर्ने सुविधा र सहकारी ऐन-नियममा रहेर हामीले दिनसक्ने सुबिधाहरु दिलाएका छौं ।

**समाजः सहकारीको अभियानले समाजमा कस्तो प्रभाव पारेको देख्नुभएको छ ?**
**बस्नेत**ः सहकारीको अभियानले समाजमा धेरै राम्रो प्रभाव पारेको छ । तर अहिले आएर बिचौलिया सहकारी र बोर्ड मात्रै झुण्ड्याउने सहकारीले गर्दा समुदायमा आबद्ध भएर काम गरेको सहकारीलाई अली असहज स्थिति सिर्जना भएको छ । सहकारीले द्वन्द्वकालमा पनि गाउँगाउँमा गएर सुबिधा दिएको थियो । तर अहिले आएर सानो दुई-चार वटा सहकारीमा समस्या हुँदा अरु सहकारीमा पनि समस्या छ कि भन्ने जनमानसमा छाप परेको छ । यो दुखद् कुरा हो ।

**समाजः सहकारीको विषयमा आममानिसको बुझाई के छ भन्ने लाग्छ ?**
**बस्नेत**ः आममानिसमा अहिलेसम्म सहकारीको विषयमा अर्ध बुझाई छ । किनकि सहकारी भनेको एउटा कमाई खाने भाँडो हो भन्ने गरेको पाईन्छ । तर जसले सहकारीको अभियानमा लागेर सहकारीको भावना, महत्व बुझ्नुभएको छ उहाँले सहकारी राम्रो हो भन्ने गरेका छन् । केही बिचौलियाले गर्दा सहकारीलाई नकारात्मक प्रभाव परेको छ ।

**समाजः सहकारीमा असाध्यै ध्यान दिनुपर्ने कुराहरु के रहेछन् ?**
**बस्नेत**ः सहकारीको पारदर्शिता हुनुपऱ्यो । सदस्यहरुसँग घुलमिल हुनुपऱ्यो । सहकारीको कर्मचारी, संचालकहरु अनुशासित हुनुपऱ्यो । आर्थिक लोलुपता हुनुभएन र सदस्यहरुको आर्थिक सुरक्षामा ध्यान पुग्नुपर्छ ।

**समाजः सहकारीको अवधारणा अनुसार सहकारी अघि बढेको छ कि छैन ?**
**बस्नेत**ः धेरै सहकारीहरू अवधारणा अनुसारनै अघि बढेका छन् । मकवानपुरमा जिल्ला सञ्जालदेखि सहकारी संघहरु छन् र सहकारीको अवधारणा अनुसार नै हामीले अगाडि बढाइरहेका छौं । तर बाहिर-बाहिरका केही झोले सहकारीहरुले सहकारीको अवधारणा धमिलो गराउने काम भने गरेका छन् ।

**समाजः पछिल्लो समय जनमानसमा सहकारीप्रति केही नकरात्मक प्रभाव परेको देखिन्छ । नराम्रो काम गर्ने सहकारीहरुलाई र जनमानसलाई कस्तो सन्देश दिन चाहानुहुन्छ ?**
**बस्नेत**ः त्यस्तो सहकारीलाई सरकारले नियमन गरेर सदस्यको रकमको ग्यारेन्टी गरिदिनुपऱ्यो र जनमानसले पनि सदस्य लिनुपूर्व सहकारी कस्तो हो, वार्षिकरुपमा साधारण सभा गरेको छ कि छैन ? आर्थिक प्रतिवेदन पेश गर्छ कि गर्दैन ? संचालक कहाँको छ ? सहकारी कहाँ दर्ता भएको छ ? उसको कार्यक्षेत्र के-के हो ? सबै बुझेर मात्रै सदस्य लिन अनुरोध गर्छु ।

**समाजः वित्तीय संस्थाहरुबिरुद्ध ऋण नातिरौं भन्ने अभियान आइरहेका छन् । एक सहकारी संस्थाको अध्यक्षको रुपमा यसलाई कसरी लिनुभएको छ ?**
**बस्नेत**ः मैले यसलाई गम्भीर रुपमा लिएको छु । त्यो एउटा भ्रम मात्रै हो । भ्रममा नपरिदिनुहुन अनुरोध गर्दछु ।

# विद्यालय नर्समा २३ जना माग

समाज संवाददाता

हेटौंडाः विद्यालय नर्स सेवा करारमा २३ जना कर्मचारी माग गरिएको छ । शुक्रबार बागमती प्रदेश सरकारको स्वास्थ्य निर्देशनालय हेटौंडाले विज्ञप्ति जारी गर्दै विद्यालय नर्स पदका लागि कर्मचारी माग गरेको जनाएको छ ।

स्वास्थ्य निर्देशनालयको चालु आर्थिक वर्ष २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रमअनुसार सामुदायिक विद्यालयमा काम गर्ने गरी एक विद्यालय एक नर्स कार्यक्रमअन्तर्गत् १५ दिनभित्र विद्यालय नर्स सेवा करारमा दरखास्त आह्वान गरेको छ ।

नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्णहरुले दरखास्त दिन सकिने बताइएको छ ।

# तेस्रो कार्यकालका लागि गौतम सर्वसम्मत

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिका-४, मसिनेस्थित पशुपतिनाथ माविको आइतबार सम्पन्न अभिभावक भेलाले माधव गौतमलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चयन गरेको छ । तेस्रो कार्यकालका लागि गौतमलाई अध्यक्ष चयन गरेको हो ।

दुई कार्यकाल अध्यक्षको नेतृत्व गर्दा गौतम अभिभावक, विद्यार्थी र शिक्षककाबीचमा लोकप्रिय बन्नुभएको छ । स्रोत साधनको अभावमा पनि विद्यालय व्यवस्थापन समितिमा रहेर उत्कृष्ट काम गरेको भन्दै यसअघि बागमती प्रदेश सरकारले गौतमलाई प्रदेशदीप प्रदान गरेको थियो । यसअघि भेलालाई सम्बोधन गर्नुहुँदै बागमती प्रदेशसभा सदस्य तथा नेपाली कांग्रेस बागमती प्रदेश समितिका सभापति ईन्द्रबहादुर बानियाँले पशुपतिनाथ माविको भौतिक र शैक्षिक विकासका लागि आफू सदैब लागिरहने बताउनुभएको छ । विद्यालयको भौतिक प्रगति राम्रो भएको र आगामी दिनमा शैक्षिक उपलब्धी बृद्धि गर्नका लागि सबै पक्षले एकताबद्ध भएर लाग्न उहाँले आग्रह गर्नुभयो ।

विद्यालयको पुस्तकालय भवन निर्माण गर्न आफूले बोलेको सहयोग जारी राख्ने बताउँदै प्रमुख अतिथि बानियाँले दुखमा साथ दिन तयार रहेको बताउनुभयो । अध्यक्ष माधव गौतमको सभाध्यक्षतामा भएको कार्यक्रममा मनहरी गाउँपालिकाका शिक्षा प्रमुख हरिचन्द्र सापकोटाले पशुपतिनाथ माविको विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी र अभिभावकमा सकारात्मक उर्जा रहेको बताउनुभयो । कार्यक्रममा मनहरी-४ का वडाध्यक्ष प्रकाश थापा, पूर्ववडाध्यक्ष ध्रुब खड्का, गाउँ शिक्षा समिति सदस्य ध्रुब सुनार, विव्यस पूर्वअध्यक्षहरु रामहरि ढकाल, चन्द्रबहादुर न्यौपाने, प्रधानाध्यापक भानुभक्त आचार्य, स्थानीय समाजसेवी शंकर न्यौपाने, उद्धव बिष्टलगायतले शुभकामना व्यक्त गर्नुभएको थियो ।

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

# लागूपदार्थविरुद्ध टोल विकासको सचेतना

समाज संवाददाता

हेटौंडाः विद्यार्थी र टोल विकास संस्थाका प्रतिनिधिहरुलाई लागूपदार्थ दुर्व्यसनविरुद्ध शनिबार सचेतना गराइएको छ । टोल विकास समन्वय समिति पदमपोखरीको आयोजनामा एक दिवसीय सचेतना गराइएको हो ।

टोल विकासका अध्यक्ष बालकुमार श्रेष्ठको सभाध्यक्षतामा हेटौंडा–१३ का जनप्रतिनिधि उत्तम गोम्जाको प्रमुख आतिथ्यमा सचेतना गराइएको हो । कार्यक्रममा हेटौंडा १३ वडाभित्रका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थी, टोल विकास संस्थाका प्रतिनिधिहरुलगायत २ सय जनाको सहभागिता थियो ।

लागूपदार्थ दुर्व्यसनविरुद्ध जिल्ला प्रहरी कार्यालय मकवानपुरका डीएसपी टेकबहादुर कार्की, हेटौंडा उपमहानगर पालिका स्वास्थ्य शाखाका केशवप्रसाद तिमल्सिना र हेटौंडा क्याम्पसका प्राध्यापक एवम् मामाघर नेपालका अध्यक्ष अर्पण पराजुलीले सहजीकरण गर्नुभएको थियो । विद्यार्थी, अभिभावक, प्रधानाध्यापक, टोल विकास संस्थाका प्रतिनिधिहरुले लागूपदार्थ सेवन नगर्ने र त्यसको विरुद्ध वकालतमा सहभागी हुने प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका छन् । कार्यक्रममा टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष ध्रुवप्रसाद अधिकारीको विशेष आतिथ्य थियो ।

## प्रचण्ड सरकारको...

र प्रक्रियाको समस्या हल नभइकन निर्देशनले मात्र कुनै परिणाम दिंदैन ।

समग्रमा यो भन्न सकिन्छ कि प्रचण्डको तेस्रो प्रधानमन्त्रीत्वको मधुमास कालमा पनि राजनीतिक अस्थिरता, अवसरवाद र अविश्वसनीयता, प्रशासनिक शिथिलता, भ्रष्टाचार र कुशासन, आर्थिक सुस्तता र बढ्दो संकट, भूराजनीतिक दबाव र कूटनीतिक असन्तुलन कायमै छ ।

तर, यी प्रचण्ड सरकारको मात्र उपज भने हैन । यी कुनै पनि सरकार र प्रधानमन्त्रीले आजसम्म हल गर्न नसकेका देशका सञ्चित समस्या हुन् । प्रचण्ड सरकार पनि सञ्चित समस्याकै चाङले थिचिंदैछ । यी समस्यालाई हल गर्न निकै ठूलो साहस, योजना, स्वप्नदर्शिता, इच्छाशक्ति र समन्वय क्षमता चाहिन्छ- जो साविक प्रचण्ड सरकारको मधुमासकालमा किञ्चित मात्रामा पनि देखिएको छैन । र, अब होला भनेर आश गर्न सकिने ठाउँ पनि खासै छैन । *(स्रोतः अनलाईनखबर)*

# श्री बागमती आधारभुत विद्यालय

**बागमती गाउँपालिका–५,**
**लिलिखोला (बगेरी), मकवानपुर**

**शिक्षक आवश्यकता**

*सूचना प्रकाशित मितिः २०७९/१२/२० गते*

बागमती गाउँपालिकाको कार्यलय झुरझुरे मकवानपुरको मिती २०७९/१२/१७ को च न. १६८३ को अनुदान शिक्षक पदपूर्तिका लागी अनुमतिपत्र अनुसार यस विद्यालयमा प्राप्त निमावि तहको विज्ञान विषयको अनुदान कोटामा खुल्ला प्रतिस्पर्धाद्धारा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरीकहरुबाट सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र रितर्पूवक दरखास्त पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**ः-
विज्ञापन नः- ०१/२०७९/२०८०
तहः- निमावि विज्ञान
दरबन्दीको प्रकारः- अनुदान कोटा
नियुक्तिको प्रकारः- करार
संख्याः- १ (एक)
योग्यताः- मुख्य विषय विज्ञान लिइ १२ वा सो सरह उर्तिण गरेको हुनुपर्ने
उमेरः- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
तलब भत्ताः- नेपाल सरकारले तोके बमोजिम
निवेदन दस्तुरः- १,५००/-
दर्खास्त दिने अन्तिम मितिः- २०८०/०१/०४ गते ४:०० बजेसम्म ।
सम्पर्क मितिः- २०८०/०१/०४ परीक्षा मिति सम्पर्क मितिमा तोकिने छ ।
परीक्षाको किसीमः- लिखीत/अन्तरवार्ता (नयाँ पाठयक्रमअनुसार हुने ।)

**आवश्यक कागजपत्रहरुः-**
- शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतीलिपीहरु २/२ प्रति ।
- नागरिकता र अध्यापन अनूमतिपत्रको प्रतिलीपिहरु २/२ प्रति ।
- हस्तलिखीत निवेदन २/२ प्रती फाइलमा हुनुपर्ने ।

सम्पर्कः- विव्यस अध्यक्ष – ९८४०५०६०३० प्र.अ.ः- ९८४५६१८३१६

# सन्चो अस्पतालको प्रयोगशाला सुचारु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१ स्थित सन्चो अस्पताल प्रालिको प्रयोगशाला सुचारु भएको छ । गत सोमबार अस्पताल अनुमगन गर्दा दर्ता प्रमाणपत्र देखाउन नसकेपछि बन्द गरिएको प्रयोगशाला शनिबारबाट पुनः सञ्चालनमा आएको हो ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत नेतृत्वको बजार अनुगमन समितिले सन्चो हस्पिटलमा अनुगमन गरेको थियो । हस्पिटलमा सञ्चालित प्रयोगशालाको दर्ता प्रमाणपत्रलगायतका कागजातहरु पेश गर्न नसकेकाले प्रयोगशाला दर्ता प्रमाणपत्र पेश गरेपछि खोलिदिने गरी प्रयोगशाला बन्द गराइएको स्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य अधिकृत तथा सूचना अधिकारी लक्ष्मण घिमिरेले बताउनुभयो ।

अस्पतालले प्रयोगशाला दर्ता प्रमाणपत्रसहितका कागजात पेश गरेपछि प्रयोगशाला खुला गरिएको घिमिरेले जानकारी दिनुभयो । 'स्वास्थ्य कार्यालयलाई प्रयोगशाला दर्ता भएको प्रमाणपत्रसहित कागजातहरु संलग्न गरी हस्पिटलमा उपचारका लागि इमर्जेन्सी, इनडोर तथा ओपीडीमा आउने बिरामीहरुका लागि समस्या परेको र बन्दी खोलिदिन अनुरोध गरेकाले जिल्ला प्रशासन कार्यालय, मकवानपुरको आजको पत्रबाट सेवाको सुनिश्चितता हुनेगरी प्रयोगशालाको बन्द शिल खोलिएको छ', घिमिरेले बताउनुभयो ।

सन्चो अस्पतालमा अनुगमन टोलीले प्रयोगशाला बन्द गर्दा चाबी छाडेर गएको पाइएको छ । अनुगमन टोलीले ठूलो लापरवाही गरेको छ । सन्चो अस्पतालमा जाने क्रममा चाबी त्यहीं रहेको बताइएको छ । चाबी त्यहीं हुँदा अस्पतालले अटेर गरी चाबी खोलेर प्रयोगशालाबाट नमुना निकालेको पाइएको छ । अस्पतालले प्रयोगशाला बन्द हुँदा १३ गतेबाट १९ गतेसम्म मकवानपुर सहकारी अस्पतालमा ५६ र एचआरएलमा ९५ वटा ल्याब परीक्षणका लागि नमुना पठाएको जनाएको छ ।

# परिवार नियोजनको सेवा लिने न्यून

समाज संवाददाता


हेटौंडाः हेटौंडा अस्पतालभित्र रहेको मातृ–शिक्षु तथा स्वास्थ्य क्लिनिकबाट परिवार नियोजन सेवा लिनेहरु न्यून रहेका छन् । स्वास्थ्य कार्यालय मकवानपुरले गत कार्तिकबाट सुरु गरेको क्लिनिकबाट परिवार नियोजनका सेवा प्रदान गरिँदै आएको छ ।

परिवार नियोजनका आधुनिक साधनहरुमध्ये कण्डम धेरै प्रयोग हुने स्वास्थ्य क्लिनिककी नर्स अस्मिता सुवेदीले बताउनुभयो । कार्तिकबाट अहिलेसम्म मानिसले बाहिर राखेको बक्सबाट एक हजार ३ सय वटा कण्डम लिएका छन् । क्लिनिकबाट हालसम्म १७ जनाले ३ महिने सुई र ८ जनाले इमप्लान्ट गरेका छन् ।

कण्डम, खाने चक्की, इमप्लान्ट, तीन महिने सुई, आइयुडी परिवार नियोजनका अस्थायी साधन हुन् । यस्तै, मिनिल्याप र भ्यासेक्टोमी परिवार नियोजनको स्थायी उपाय रहेको सुवेदीले बताउनुभयो । स्वास्थ्य क्लिनिकमा आहिले आइयुडी सञ्चालित नभएको र मिनिल्याप र भ्यासेक्टोमी सेवा पनि उपलब्ध नहुने उहाँले जानकारी दिनुभयो ।

सुवेदीका अनुसार २२ देखि ३९ वर्षका महिलाहरु सेवा लिन आएका छन् । पछिल्लो समयमा क्लिनिकमा आउने सेवाग्राही केही बढेको सुवेदीले जानकारी दिनुभयो । परिवार नियोजनका सबै साधनको प्रभावकारिता शतप्रतिशत नभएर ९९ प्रतिशतको हाराहारीमा रहेको उहाँले बताउनुभयो ।

खाने चक्की बच्चा नचाहुञ्जेल प्रत्येक दिन खानुपर्ने, इमप्लान्ट गरेकाले ५ वर्षसम्म केही सवधानी अपनाउनु नपर्ने र तीन महिने सुई लगाएपछि ३ महिना सवधानी अपनाउन नपर्ने सुवेदीले बताउनुभयो । पुरुषले अस्थायी साधनमा कण्डमको प्रयोग र स्थायी उपायमा भ्यासेक्टोमी नै गर्नुपर्ने र अरु सबै साधन तथा उपाय महिलाले अपनाउनुपर्ने रहेको छ ।






# अटिजम दिवसमा दीप प्रज्वलन




*बुद्धचोकमा दीप प्रज्वलन गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः विश्व अटिजम जागरुकता दिवसको अवसरमा हेटौंडा बुद्धचोकमा आइतबार दीप प्रज्वलन गरिएको छ । हेटौंडा अस्पतालका बालरोग विशेषज्ञ डा. हरिबहादुर खड्काको प्रमुख आतिथ्यमा दीप प्रज्वलन गरिएको हो ।

दीप प्रज्वलित गर्दै डा. खड्काले अटिजम वंशाणुगत (जेनेटिक) आधारमा बालबालिकामा हुने जानकारी दिनुभयो । यसको औषधीय उपचार सम्भव नभएको भन्दै डा. खड्काले थेरापीबाट यसको उपचार हुनसक्ने जानकारी दिनुभयो । सबै मिलेर अटिजमविरुद्ध जनचेतना जगाउन जरुरी रहेको उहाँले बताउनुभयो । व्यवहार विकार भएको बच्चालाई ठिक पार्न यो दिवसले सचेतना प्रदान गर्ने फिजियोथेरापिस्ट शर्मिका श्रेष्ठले जानकारी दिनुभयो । विश्व अटिजम जागरुकता दिवस प्रत्येक वर्ष अप्रिल २ मा मनाइन्छ ।

काठमाडौंमा थेरापी गराइरहेका अभिभावकहरुले हेटौंडामै अटिजमको थेरापी सेवा सुरु गराउन दबाव दिने उद्देश्यले दीप प्रज्वलन कार्यक्रम आयोजना गरिएको श्रेष्ठको भनाइ छ । हेटौंडामा पनि अटिजमसम्बन्धी समस्या भएका बालबालिकाको स्याहार गर्ने गरी सेन्टर फर अटिजम हेटौंडामा सञ्चालित छ । सेन्टरमा १५ जना बालबालिका नियमित थेरापी सेवाका साथै हेरचाहका लागि ल्याइन्छ । हेटौंडा-४ स्थित सेन्टर फर अटिजममा आफ्ना बालबालिका लैजाने अभिभावकले थेरापी र उचित स्याहारका कारण आफ्ना बालबालिकामा सकारात्मक सुधार आएको बताउँछन् ।

# उपमहानगरले तयार पारेन आगामी शैक्षिक एजेण्डा

जमुना थिङ

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले आगामी शैक्षिक एजेण्डा अझै तयार गरेको छैन । आगामी शैक्षिक सत्र २०८० सुरु हुन १० दिनमात्र बाँकी छ, तर उपमहानगरको शैक्षिक नेतृत्व आधारभूत तहको वार्षिक परीक्षामै अल्मलिएको छ ।

हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखा प्रमुख गंगाधर रिमाल भन्नुहुन्छ–'आइतबारमात्र आधारभूत तहको वार्षिक परीक्षा सकिएको छ । अब उपमहानगरपालिका यही चैत २६ गतेभित्र नतिजा प्रकाशन गर्ने तयारीमा लाग्नेछ ।' उहाँका अनुसार आउँदो शैक्षिक सत्रको एजेण्डाबारे हेटौंडा उपमहानगरपालिकाको शिक्षा समितिको बैठकपश्चात् मात्र निश्चित हुनेछ ।

आउँदो शैक्षिक सत्रको कार्यक्रम तयारीकै क्रममा रहेको उहाँले बताउनुभयो । आगामी शैक्षिक एजेण्डा तयार भइनसकेको उहाँको भनाई छ ।

यतिबेला प्रायः सामुदायिक तथा संस्थागत विद्यालयहरुमा विद्यालय तहको वार्षिक परीक्षा सम्पन्न भइसकेको अवस्था छ । ती विद्यालयहरुले धमाधम वार्षिक परीक्षाको नतिजा प्रकाशनको तयारीमा रहेका छन् । यही चैतको अन्तिमसम्म सबै विद्यालयहरुले वार्षिक परीक्षाको नतिजा प्रकाशन गर्ने गरी अघि बढेका छन् । त्यसपश्चात् विद्यालयहरु धमाधम विद्यालय भर्ना अभियान र पाठ्यपुस्तक वितरणमा लाग्नेछन् ।

तर हेटौंडा उपमहानगरपालिका अहिलेसम्म यस्ता विषयमा अनविज्ञजस्तै बनेको छ । नीति नियम बनाई विद्यालयको अभियान तथा कार्यक्रमलाई कार्यान्वयनमा ल्याउन स्थानीय तहले सहकार्य गर्नुपर्छ । कुनैपनि बालबालिका विद्यालय बाहिर छन् भने विद्यालयमा ल्याउन स्थानीय तहको पनि महत्वपूर्ण जिम्मेवारी हुन्छ । आर्थिक अभावका कारण पढ्न नसकेका बालबालिकाको खोजी गरी विद्यालयसम्म पुऱ्याउन सबैको उत्तिकै भूमिका रहन्छ ।

यस्ता विषय मनन् नै नगरी उपमहानगरले नयाँ शैक्षिक सत्रको विषयमा कुनै एजेण्डा तयार पारेको छैन । शिक्षा महाशाखा प्रमुख रिमाल भन्नुहुन्छ– 'अहिले आउँदो शैक्षिक सत्रको लागि बजेट आइसकेको छैन, त्यसले गर्दा आगामी सत्रको लागि शैक्षिक एजेण्डा तयार नभएको हो ।' असार महिनामा बजेट विनियोजन हुने भएकाले वैशाख महिनाभित्र आउँदो शैक्षिक एजेण्डा तयार पार्न मिल्ने उहाँको भनाई छ ।

# मोटरसाईकल चालकको मृत्यु

समाज संवाददाता

हेटौंडाः दोलखा जिल्लाको भिमेश्वर नगरपालिका-७, मा ट्रकको ठक्करबाट मोटरसाईकल चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा काभ्रे जिल्लाको महाभारत गाउँपालिका-८ घर भई हाल भिमेश्वर नगरापालिका-६, चोथान बस्दै आएका २० वर्षीय राजु मगर रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

शनिबार बिहान ८ बजेको समयमा चरिकोटबाट काठमाडौंतर्फ जाँदै गरेको बा ४ ख ९७५ नम्बरको ट्रकले विपरित दिशाबाट आउँदै गरेको बा ९४ प ३२५५ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा दुर्घटना भएको हो । मोटरसाईकलमा २ जना सवार रहेका थिए । ट्रकको ठक्करबाट मोटरसाइकल चालक मगर बेहोस अवस्थामा रहेको र पछाडी सवार धनुषा घर भई हाल दोलखा भिमेश्वर नगरपालिका-३, सातदोबाटो बस्ने २० वर्षीय अभिषेक साह घाइते भएका थिए । घाइते साह र मगरलाई उपचारका लागि च्छो-रोल्पा अस्पताल चरिकोट पठाइएको थियो ।

घाइते मगरलाई उपचारको क्रममा ८ बजेर ४० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । अर्का घाइते साहको उपचार भइरहेको छ । ट्रक चालकलाई भिमेश्वर-७, चोथाङ कालिमाटी छोरीको घरमा बसिरहेको अवस्थामा फेला पारी नियन्त्रणमा राखिएको प्रहरीले जानकारी दिएको छ ।

# मञ्चले तालिम र फुटसल प्रतियोगिता गर्ने

समाज संवाददाता

हेटौंडाः जिल्लामा खेलकुदका गतिविधिलाई प्रोत्साहन गर्नका लागि खेलकुद पत्रकार मञ्च मकवानपुरले पत्रकारिता तालिम र खेलकुद प्रतियोगिता गर्ने भएको छ । मञ्चका अध्यक्ष राजन दाहालको अध्यक्षतामा आइतबार बसेको बैठकले जिल्लामा खेल पत्रकारितामा चासो राख्ने पत्रकारहरुका लागि दुई दिने तालिम र मैत्रिपूर्ण मिडियाकप रनिङशिल्ड फुटसल प्रतियोगिता सञ्चालन गर्ने निर्णय गरेको हो ।

मञ्चले २०८० बैशाख १५ र १६ गते पत्रकारिता तालिम सञ्चालन गर्ने भएको छ भने बैशाख २९ र ३० गते फुटसल प्रतियोगिता गर्ने निर्णय गरेको मञ्चका सचिब गणेश दर्पण अधिकारीले जानकारी दिनुभएको छ । मञ्चले आयोजना गर्ने तालिमको संयोजनको जिम्मेवारी सचिब अधिकारीलाई दिइएको छ भने प्रतियोगिताको संयोजन गर्ने जिम्मेवारी नवीन तिमल्सिनालाई दिइएको छ । दुबै कार्यक्रम आयोजनाका लागि हेटौंडा उपमहानगरपालिकाले आर्थिक सहयोग गरेको छ ।

बैशाखको २९ र ३० गते सञ्चालन हुने फुटसल प्रतियोगिताका लागि मञ्चले पहिलो पुरस्कार ३० र द्वितीय पुरस्कार २० हजार नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गर्ने भएको छ । बैठकले मञ्चको कोषाध्यक्ष रहेका सुदिप शिवाकोटी बिदेशमा रहनुभएकोले कार्यसमिति सदस्य पुष्पराज अधिकारीलाई कोषाध्यक्षको जिम्मेवारी दिने निर्णय गरेको छ ।

# तासिर स्कूलले आविष्कार केन्द्रलाई सहयोग गर्ने




*आयन सापकोटा आफ्नो जन्मदिनको अवसरमा राष्ट्रिय आविष्कार केन्द्रलाई सहयोग रकम सहयोगपेटीमा राख्दै ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-७, नागस्वतीस्थित तासिर स्कूलका विद्यार्थी, शिक्षक र कर्मचारीले राष्ट्रिय आविष्कार केन्द्रलाई सहयोग गर्ने भएको छ । विद्यार्थी, शिक्षक, कर्मचारीले आफ्नो जन्मदिनको अवसरमा सहयोग रकम उपलब्ध गराउने जनाएको छ । आइतबार कक्षा-३ मा अध्ययनरत आयन सापकोटाले पाँच सय पाँच रुपैयाँ सहयोग गरी अभियानको सुरुवात गरिएको छ ।

अभिभावकको समेत उपस्थितिमा सापकोटाले सहयोग रकम सहयोगपेटीमा खसालिएको छ । विद्यालयका प्रिन्सीपल विनोद थपलियाका अनुसार विद्यार्थी, शिक्षक र कर्मचारीलाई बाध्य नगरिने र स्वेच्छिक रुपमा सहयोग गर्न सकिने व्यवस्था मिलाइएको छ । सहयोग संकलन अभियानको सुरुवातमा विद्यालयले आइतबारै १० हजार एक सय एक रुपैयाँ सहयोग बाकसमा राखिएको प्रिन्सीपल थपलियाले जानकारी दिनुभएको छ । संकलित सहयोग रकम छ महिनामा आविष्कार केन्द्रलाई पठाउने उहाँले बताउनुभयो ।

# भलिबलको सेमिफाइनल समीकरण पूरा

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिकामा शुक्रबारबाट सुरु भएको उपाध्यक्ष कप भलिबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ ।

सेमिफाइनलमा आज सोमबार बिहान वडा नम्बर ३ र १० बीच खेल हुनेछ भने दोस्रो सेमिफाइनल खेल वडा नम्बर १ र ५ बीच हुनेछ । तेस्रो स्थान र फाइनल खेल पनि आजै हुने आयोजकले जनाएको छ । बागमती प्रदेश सरकारकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा समापन समारोह हुने आयोजकले जानकारी दिएको छ ।

हार्दिक बधाई



**चन्द्रोदय माध्यमिक विद्यालय व्यवस्थापन समितिको** अध्यक्षमा सर्वसम्मत निर्वाचित हुनुभएका **इवाकर मैनाली**सहित नवनिर्वाचित समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै विद्यालयको समग्र विकासमा नवनिर्वाचित समितिको उल्लेखनीय भूमिका रहोस् भनी शुभकामना व्यक्त गर्दछौं ।

प्रधानाध्यापक
**एवम् शिक्षक/कर्मचारी परिवार**
**चन्द्रोदय मावि**
**हेटौंडा-८, कमाने**

**मकवानपुर सहकारी अस्पतालमा मनोचिकित्सक**

मणिपाल कलेजबाट मानसिक स्वास्थ्य विषयमा एमडी गर्नुभई चितवन मेडिकल कलेजमा कार्यरत डा. उद्धव लामा यही हरेक महिनाको तेस्रो शनिबार मकवानपुर सहकारी अस्पतालमा आउनुहुँदैछ । मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएकाको स्वास्थ्य परीक्षण तथा उपचारका लागि अनुरोध गरिन्छ ।

**मकवानपुर सहकारी अस्पताल**
हेटौंडा-१, भिन्तुनापथ
०५७-५२६५८७

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**
**हेटौंडा रिफरेन्स ल्याबरोटरी**,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

**सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।**

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं ।
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्न सबैको कर्तव्य हो ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**स्वादिष्ट नेवारी खाजा**




अब
होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ